नेपाल सरकार

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# शम्भुनाथ नगरपालिका कार्यालय

**सवारी साधन उपशाखा**

मोहनपुर, सप्तरी

मिति :

## यान्त्रिक उपकरण भाडामा प्राप्त गर्न निवेदन पत्र

देहायको कामको लागि त्यस कार्यालयको नियमानुसार निम्न लिखित यान्त्रिक उपकरणहरु उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछु ।

| **क्र.सं.** | **यान्त्रिक उपकरण** | **कार्यको विवरण** | **स्थान** | **सिफ्ट** | **कहिले देखि** | **अनुमानित कार्य अवधि** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

त्यस कार्यालयको नियमानुसार भाडा बिल प्राप्त भएपछि कट्टा हुने गरि हाल कार्यालयवाट निर्धारित पेश्की दिन र यसै साथ सम्लग्न निवेदकले पालना गर्नु पर्ने नियम तथा शर्तहरु पालना गर्न समेत मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम, ठेगाना :–

टेलिफोन नं:–

निवेदक वा निजको प्रतिनिधिको हस्ताक्षर

---

**<u>कार्यालय प्रयोजनको लागि मात्र</u>**

श्री लेखा शाखा,

श.न.पा. : निम्न बमोजिम रकम धरौटीमा लिनुहोला ।

| **भाडामा दिने यान्त्रिक उपकरणको विवरण** | **भाडा दर** | | **धरौटी राख्नुपर्ने अनुमानित रकम** |
|---|---|---|---|
| | प्रति घण्टा | प्रति सिफ्ट | |
| | | | |

धरौटी रकम प्राप्त भएको प्रमाणित गर्नेको दस्तखत :–

*निवेदकले पालन गर्नुपर्ने नियम तथा शर्तहरु*

साधारणतया बिहान ८ बजे देखि बेलुका ६ बजे सम्म १० घण्टाको १ सिफ्ट हुनेछ । तर यान्त्रिक उपकरण भाडामा लिने निकायले माग गरेमा अन्य कुनै समयवाट १० घण्टाको १ सिफ्ट कायम गरी यान्त्रिक उपकरण भाडामा दिन सकिने छ । १ दिनमा १० घण्टा भन्दा बढी २० घण्टा सम्म चलेमा २ सिफ्टको भाडा लाग्ने छ । बिहान ० बजे देखि राती १२ बजे सम्मको समयलाई १ दिन मानिने छ ।

१ दिनको लागि यान्त्रिक उपकरण माग भएमा ७ घण्टा सम्म वा ७ घण्टा भन्दा बढीको लागि पनि hourly rate अनुसार यान्त्रिक उपकरण भाडामा दिइने छ । यान्त्रिक उपकरण भाडामा दिईएको समय देखि यान्त्रिक उपकरण फिर्ता नबुझाए सम्म यान्त्रिक उपकरण चले पनि नचले पनि (यान्त्रिक उपकरण बिग्रिएको अवस्थामा वाहेक) पुरा भाडा लाग्नेछ ।

यान्त्रिक उपकरण बिग्रिएको समयको भाडा नलाग्ने र यान्त्रिक उपकरण बिग्रीएको दिन यान्त्रिक उपकरण संचालन भएमा १० घण्टा संचालन हुदा १ सिफ्टको भाडा लिने गरी चलेको घण्टाको अनुपातमा भाडा लाग्नेछ ।

सार्बजनिक बिदाको दिन यान्त्रिक उपकरण सञ्चालन नभएमा भाडा लाग्ने छैन ।

काम भएको ठाउंमा यान्त्रिक उपकरणको कुनै पनि हानि नोक्सानी चोरि नहुने गरि रेखदेख गर्ने उत्तरदायित्व निवेदकको हुनेछ ।

यान्त्रिक उपकरण लैजानु भन्दा पहिले निबेदकले सम्बन्धित निकायद्धारा भाडा वापत निर्धारित पेश्की, धरौटी स्वरुप कार्यालयमा बुझाउनु पर्नेछ । जति समयको लागि यान्त्रिक उपकरण माँग गरिएको छ, अथवा सम्वन्धित निकायवाट इष्टिमेट गरिएको छ, सो समयको लाग्ने भाडा रकममा २५ प्रतिशत थप गरि हुन आउने रकम सम्बन्धित निकायको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

इष्टिमेट भन्दा बढी काम गर्न सम्बन्धित निकायको थप स्वीकृति लिनु पर्नेछ र नियम (६) अनुसार पुनः धरौटी दाखिला गर्नु पर्नेछ ।

यान्त्रिक उपकरण भाडा सम्वन्धमा कुनै कुरा स्पष्ट नभै बिवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ ।

प्रत्येक दिन काम समाप्त भएपछि यान्त्रिक उपकरणको फ्युल टेंकमा निवेदकले आफ्नो तर्फवाट इन्धन हाली भरि गर्नु पर्नेछ ।

कुनै समयमा पनि कार्यालयको आवश्यकता अनुसार वा प्राविधिक कारणले कुनै पनि यान्त्रिक उपकरण भाडामा दिने नदिने फिल्डमा प्रयोग भैरहेको यान्त्रिक उपकरण पनि संचालन गर्ने नगर्ने, निवेदकलाई पुर्वः सूचना नदिइकन यान्त्रिक उपकरण फिर्ता ल्याउने अधिकार सम्वन्धित निकायको हुनेछ ।

यान्त्रिक उपकरण लैजान, सञ्चालन गर्न र फिर्ता गर्न आवश्यक इन्धनको व्यवस्था निवेदकले गर्नुपर्ने छ । फिर्ता गर्न आवश्यक इन्धन निवेदकले नराखेमा धरौटीवाट आवश्यक रकमको इन्धन खरिद गर्ने अधिकार पनि सम्वन्धित निकायमा निहित हुनेछ ।

यान्त्रिक उपकरणहरु काम गर्दा बिग्रन गई मर्मत गर्न समय लागेको कारणले निवेदकको काममा कुनै प्रकारको बाधा नोक्सानी पर्न गएमा सो वारे कार्यालय जिम्मेवार रहने छैन ।

यान्त्रिक उपकरणहरु जुन कामको लागि जसलाई भाडामा दिइएको छ सो बाहेक अन्य काममा प्रयोग गर्न पाईने छैन ।

यान्त्रिक उपकरण सञ्चालन गर्दा कार्य क्षेत्रका संधियार कसैलाई हानी नोक्सानी भएमा सोको क्षतीपूर्तीको जिम्मेवारी यान्त्रिक उपकरण भाडामा लाने निकायको हुनेछ ।

एउटा निकायलाई भाडामा दिईएको यान्त्रिक उपकरण भाडामा दिने निकायले आफ्नो वर्कशपमा फिर्ता नल्याई ढुवानी सुबिधालाई ध्यानमा राखी अर्को निकायलाई भाडामा दिन सकिने छ तर एउटा निकायको यान्त्रिक उपकरण सञ्चालन घण्टा अर्को निकायको यान्त्रिक उपकरण सञ्चालन घण्टा सँग जोड्न सकिने छैन ।

यान्त्रिक उपकरण उपलब्ध गराउदा यान्त्रिक उपकरण प्रयोग कर्ताले अनिवार्य रुपमा समय र मिति जनाई यान्त्रिक उपकरण वुझ्नु पर्नेछ । यान्त्रिक उपकरण फिर्ता गर्दा यान्त्रिक उपकरण फिर्ता बुझ्ने निकायले अनिवार्य रुपमा समय र मिति जनाई बुझ्नु पर्नेछ ।

यान्त्रिक उपकरण भाडामा लिदा यान्त्रिक उपकरण साथ अप्रेटर पनि खटाई पठाइने छ । यस कार्यालय भन्दा वाहिरका अप्रेटरलाई उक्त यान्त्रिक उपकरण चलाउन लगाउनु परेमा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

कुनै यान्त्रिक उपकरण लो वेड ट्रेलर, ट्रक वा अन्य ढुवानी साधनमा राखी बोकी लगेमा बोकिएको यान्त्रिक उपकरण फिर्ता भएको दिन १ मात्र भाडा नलाग्ने र अन्य सवै दिन वोकिएको यान्त्रिक उपकरणको पनि पुरा भाडा लाग्नेछ ।

काम नसकिकन यान्त्रिक उपकरण बिग्रि वा अन्य कारणले फिर्ता गर्न परेमा फिर्ता गर्न लाग्ने खर्च समेत प्रयोगकर्ताले व्यहोर्नु पर्नेछ ।

यान्त्रिक उपकरण प्रयोग भए वापत सम्वन्धितवाट बिल पेश भएको १५ दिन भित्र भाडा रकम भुक्तानी गरि सक्नु पर्नेछ । अन्यथा १० प्रतिशत व्याज सहित असूल गरिनेछ ।

खटिएको अप्रेटर/ मेकानिक आदीले पाउने टि.ए.डि.ए. तथा ओभर टाइम भत्ता यान्त्रिक उपकरण प्रयोगकर्ताले व्यहोर्नु पर्नेछ ।

आवश्यकतानुसार यस कार्यालयले अरु थप शर्तहरु पनि राख्न सक्नेछ । अन्य शर्तहरु नेपाल सरकार, सडक विभाग, हेभि इक्विपमेन्ट डिभिजनको शर्त वमोजिम नै हुनेछ ।